# जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

**प्रस्तावना:** लुम्बिनी प्रदेशमा जीवनाशक विषादीको पञ्जीकरण, पुनः पञ्जीकरण, बिक्री वितरण, व्यवसायिक प्रयोग जस्ता कार्यलाई नियमन गरी मानव, जीवजन्तु, वनस्पति र वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनिकरण र नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"केन्द्र"** भन्नाले **"जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६"** बमोजिमको स्थापित प्लान्ट क्वारिन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र सम्झनु पर्छ ।

(ख) **"जीवनाशक विषादी"** भन्नाले बोट विरुवा, कृषिजन्य पदार्थ र वन तथा वन पैदावार, जीव, पशुपन्छी, जनस्वास्थ्य, जीव, भण्डारण, प्याकेजिङ्ग र निमार्ण कार्यमा हानी पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक वस्तु सम्झनु पर्छ तथा सो शब्दले देहायका वस्तुलाई समेत जनाउँछ।

(१) हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु (फेरोमोन्स, एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिटरेन्ट),

(२) हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पर्ने वस्तु (इन्सेक्ट ग्रोथ रेगुलेटर, इन्हिवीटर)

(३) हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने वस्तु (प्लान्ट ग्रोथ इन्हिवीटर)

(४) पात पतिङ्गर झार्ने वस्तु (डिफोलियन्ट),

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने वस्तु (डेसिकेन्ट),

(६) फलफूल पतल्याउने वस्तु (थिनिङ्ग एजेन्ट),

(७) समय नपुग्दै फलफूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्ने वस्तु,

(८) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु (डिसइन्फेक्टेन्ट)।

(ग) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।"

(घ) **"निरीक्षक"** भन्नाले दफा १४ बमोजिम नियुक्त जीवनाशक विषादी निरीक्षक सम्झनु पर्छ ।

(ङ) **"प्रयोगशाला"** भन्नाले दफा ११ बमोजिमको बाली संरक्षण प्रयोगशाला सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको कृषि सम्बन्धी विषय हर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) **"संघीय ऐन"** भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनुपर्छ।

(ज) **"समिति"** भन्नाले दफा ७ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## जीवनाशक विषादी पञ्जिकरण, इजाजतपत्र र नविकरण

३. **जीवनाशक विषादी पञ्जिकरण सम्बन्धी व्यवस्था** (१) सङ्घीय ऐन बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले लुम्बिनी प्रदेशभित्र कुनै जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्व समेतको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यवसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्नु पूर्व पञ्जीकरणका लागि प्रचलित कानुनमा तोकिए बमोजिमको विवरण, कागजात संलग्न गरी तोकिएको ढाँचामा मन्त्रालय मार्फत केन्द्रमा निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम पञ्जिकरणको लागि निवेदन प्राप्त भए पश्चात मन्त्रालयले निवेदन साथ संलग्न गर्नुपर्ने विवरण संलग्न भए/नभएको सम्बन्धमा जाँच गरी सम्पूर्ण कागजात तथा विवरणहरु सहित निवेदन दिएको मितिले सात दिनभित्र निवेदन र कागजात तथा विवरणहरु केन्द्रमा पठाउनु पर्नेछ।

(३) मन्त्रालयले पञ्जिकरणको लागि प्राप्त निवेदनसाथ आवश्यक विवरण तथा कागजातहरु संलग्न नभएमा निवेदकसँग त्यस्तो कागजात तथा विवरण माग गरी पञ्जिकरणको लागि केन्द्र समक्ष पठाउनु पर्नेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम पेश भएका निवेदनको अभिलेख राख्नु पर्नेछ।

४. **<u>जीवनाशक विषादीको बिक्री वितरण, भण्डार, व्यवसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्र</u>**:(१)संघीय ऐन बमोजिम पञ्जिकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण र व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय सञ्चालन गर्न चाहने कुनै व्यक्ति, संस्था वा निकायले इजाजतपत्रको लागि तोकिए बमोजिको निवेदन दस्तुर संलग्न राखी तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपश्चात समितिले आवश्यक जाँचबुझ गरी इजाजपत्र प्रदान गर्न उपयुक्त देखेमा तोकिए बमोजिमको ढाँचामा इजाजत-पत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्रको अवधी तीन बर्ष हुनेछ।

(४) यस दफा बमोजिम जीवनाशक विषादी बिक्री वितरणको, भण्डारण र व्यवसायिक प्रयोग तथा छर्कने व्यवसायको लागि इजाजत-पत्र लिएको कुनै व्यक्ति, संस्था वा निकायले इजाजत-पत्र लिएको तीन बर्ष समाप्त हुनु पैतिस दिन अगावै नविकरणका लागि समिति समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र नविकरण नगरेका व्यक्ति, संस्था वा निकायले अवधी सामाप्त भएपछि नविकरण गर्न चाहेमा म्याद सकिएको मितिले तीस दिन भित्र तोकिए बमोजिमको दस्तुरको दोब्बर दस्तुर सहित नविकरणका लागि समिति समक्ष निवेदन पेस गर्नु पर्नेछ।

(७) संघिय ऐन बमोजिम जीवनाषक विषादीको बिक्री वितरण, भण्डार, व्यवसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्र लिई नविकरण गर्न नसकेका व्यक्ति संस्था वा निकायले एक पटकको लागि उपदफा (६) बमोजिम नविकरण गर्न सक्नेछन्।

(८)) यस दफा बमोजिम नविकरण गरेको इजजात-पत्र अवधी तीन वर्ष हुनेछ।

(९) यस दफा बमोजिमको अवधी भित्र नविकरण नगर्ने व्यक्ति, संस्था वा निकायको इजाजतपत्र स्वतः रद्द हुनेछ।

५. **<u>इजाजत-पत्रको योग्यता सम्बन्धी व्यवस्था</u>**: यस ऐन बमोजिम जीवनाशक विषादीको बिक्री वितरण, भण्डार, व्यवसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) इजाजपतपत्र प्राप्त गर्नको लागि कृषि विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,

(ख)खुद्रा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री सम्बन्धी तालिममा उत्तिर्ण भएको,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

६. **इजाजतपत्र खारेज गर्न सकिनेः** (१) यस ऐन बमोजिम प्राप्त इजाजत-पत्र देहाय बमोजिमको अवस्थामा खारेज हुनेछः-

(क) इजाजतपत्र प्रदान गर्दा तोकिएको शर्तको उल्लघंन गरेमा,

(ख) तोकिए बमोजिमको समयमा इजाजतपत्रको नविकरण नगरेमा,

(ग) इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको मृत्यु भए वा संस्था/निकाय खारेज भएमा,

(घ) इजाजपत्र प्राप्त गर्दाको समयमा पेश गरेको योग्यता सम्बन्धी प्रमाणपत्र झुट्टा भएमा

(ङ) विषादीको प्रयोगबाट मानिस वा पशुपन्छीलाई वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना भएमा,

(च) अन्य कुनै कारणले...........

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि पन्ध्र दिनको समय दिई इजाजतपत्र खारेज गर्न नपर्ने कुनै मनासिव कारण भए पेश गर्नका लागि उचित मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुनु नपर्ने कुनै कारण पेश भएमा वा सो समय भित्र कुनै जानकारी प्राप्त हुन नआएमा समितिले पन्ध्र दिनभित्रमा इजाजतपत्र खारेज सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) इजाजत खारेजी सम्बन्धी प्रक्रिया शुरू भएपछि उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

## परिच्छेद-३

## समितिको गठन र काम, कर्तव्य र अधिकार

७. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिने, नविकरण गर्ने र सो कार्यको अनुगमन गर्ने, मन्त्रालयबाट तोकिएको मापदण्ड पालना गर्न लगाउने लगायतका विषादी सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमका सदस्यहरुको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) प्रमुख, मन्त्रालयको खाद्य सुरक्षा हेर्ने महाशाखा | सदस्य |
| (ग) प्रमुख, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) निर्देशक, स्वास्थ्य निर्देशनालय | सदस्य |

| | |
|---|---|
| (च) प्रमुख, वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयको महाशाखा | सदस्य |
| (छ) प्रतिनिधि, कृषि अनुसन्धान निर्देशनालय, | सदस्य |
| (ज) मन्त्रालयद्वारा मनोनीत कृषि, पशुपन्छी र वन विज्ञानसँग सम्बन्धित विज्ञ मध्येबाट एक जना महिना सहित दुई जना | सदस्य |
| (झ) मन्त्रालयद्वारा मनोनीत विषादी व्यवसायी, उद्यमी र उपभोक्ता कृषक गरी कम्तीमा एक जना महिला सहित तीन जना | सदस्य |
| (ञ) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, प्रदेश कार्यालय | सदस्य |
| (ट) कानुन अधिकृत, मन्त्रालय | सदस्य |
| (ठ) प्रमुख, प्रयोगशाला | सदस्य-सचिव |

(२) मन्त्रालयले उपदफा (१) को खण्ड (ज) बमोजिमका सदस्यहरु मनोनीत गर्दा मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि सम्बन्धी विषयमा स्नातकोत्तर उत्तिर्ण गरी जीवनाशक विषादीको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको व्यक्तिहरु मध्येबाट एक जना र उपदफा (१) को (झ) बमोजिमको सदस्य मनोनीत गर्दा प्रदेशमा विषादी व्यवसाय/उद्यमसँग सम्बन्धित प्रादेशिक संघ/संस्थाको प्रतिनिधि एक जनालाई समावेशी हुने गरी गर्नुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (ज) र (झ) बमोजिम मन्त्रालयद्वारा मनोनीत सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ र निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा अध्यक्षले निजहरुलाई जुनसुकै बखत सदस्यको मनोनयन खारेज गर्न सक्नेछ। यसरी पदबाट हटाउदा निजहरुलाई सफाईको मनासिव मौका दिनुपर्ने छ।

(४) समितिले आवश्यक ठानेमा कुनै पनि विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम गठित समितिको सचिवालय प्रयोगशालामा रहनेछ।

८. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) जीवनाशक विषादी सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेस गर्ने,

(ख) प्रादेशिक क्षेत्र भित्र विषादीको उत्पादन, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी कार्यको नियमन गर्ने/गराउने,

(ग) जीवनाशक विषादी बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति, संस्था वा निकायको योग्यता तोक्ने,

तालिम मापदण्ड र प्रकृया निर्धारण गर्ने, इजाजत-पत्र दिने, नविकरण र खारेज गर्ने,

(घ) यस ऐन बमोजिम प्रदान गरेको इजाजत-पत्रको सम्बन्धमा अनुगमन गर्ने

(ङ) इजाजतपत्रवालालाई तोकिए बमोजिमको मापदण्ड पूरा गर्न लगाउने,

(च) जीवनाशक विषादीको व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,

(छ) विषादी व्यवस्थापनमा संलग्न निकाय तथा प्रयोगशालालाई आवश्यक निर्देशन दिने,

(ज) जीवनाशक विषादी सम्बन्धी स्वीकृत मापदण्डहरु लागु गर्ने/गराउने,

(झ) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्न इजाजतपत्रको लागि योग्यता, इजाजतपत्र निवेदनको दाँचा, इजाजतपत्र दस्तुर तथा अन्य आवश्यक फारामहरु तयार गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

(२) समितिले आफ्नो कार्यलाई सहज एवम् सुचारु रुपले सञ्चालन गर्न उससमिति गठन गरी अधिकार पत्यायोजन गर्न सक्नेछ।

(३) समितिलाई आवश्यक परेको खण्डमा गुणस्तर परीक्षण सम्बन्धी कार्य गर्न नेपाल सरकार, पालिका, वा निजी स्तरमा स्थापना भई सञ्चालनमा रहेको र तोकिएको मापदण्ड पूरा भएका मान्यता प्राप्त प्रयोगशालालाई सम्पूर्ण वा आंशिक कार्य गर्न गराउन गरी तोक्न सक्नेछ।

९. **<u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य सचिवले बैठक बस्ने समय भन्दा अगावै बैठकको मिति, समय र स्थान सहित छलफल हुने विषयसूचीको सूचना सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिमा कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थिति भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समतिको अध्यक्षले गर्नेछ।तर निज उपस्थिति हुन नसक्ने बैठकको अध्यक्षता अध्यक्षले तोकेको सदस्यले गर्न बाधा पर्ने छैन।

(५)समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कायविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ।

## परिच्छेद –४

## प्रयोगशाला सम्बन्धी व्यवस्था

१०. **प्रयोगशालाः** (१) लुम्बिनी प्रदेशमा जीवनाशक विषादीको गुणस्तर तथा अनुसन्धानात्मक परीक्षण लगायतका कार्य गर्नको लागि प्रदेश सरकारले प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाका लागि आवश्यक जनशक्ति प्रदेश सरकारले उपलव्ध गराउनेछ ।

(३) प्रयोगशालाको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

११. **प्रयोगशाला प्रमुखः** (१) प्रदेश सरकारले कृषि सेवा अन्तर्गतको बाली संरक्षण समुहमा कार्यरत उपसचिव वा नवौं/दशौं तहको अधिकृतलाई प्रयोगशाला प्रमुखको पदमा काम गर्न गरी खटाउनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रयोगशाला प्रमुखको काम, कर्तव्य, र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रयोगशाला प्रमुखको रूपमा जिम्मेवारी पूरा गर्ने,

(ख) जीवनाशक विषादीको गुणस्तर तोकिएको मापदण्ड बमोजिम भए नभएको अनुगमन तथा परीक्षण गरी वा गर्न लगाई मापदण्ड विपरित भएको पाइएमा कारबाहीको लागि समिति समक्ष सिफारिस गर्ने,

(ग) विषादीको गुणस्तर निर्धारण, विषादी व्यवस्थापन मापदण्डहरू निर्माण तथा विषादीको व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(घ विषादी सम्बन्धी विवरण अद्यावधिक गर्ने तथा गराउने र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ङ) समितिको सदस्य-सचिव भई कार्य गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) प्रमुखले आफूमा रहेको अधिकार आवश्यकता अनुसार अन्य कुनै अधिकृत कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद – ६
## निरीक्षक नियुक्ति र काम, कर्तव्य र अधिकार

१२. **निरीक्षक नियुक्ति गर्न सक्नेः** (१) प्रदेश सरकारले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेका कृषि सेवा, बाली संरक्षणको क्षेत्रमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य नियमन गर्नका लागि जीवनाशक विषादी निरीक्षकको रुपमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षक नियुक्ति गरेको जानकारी नेपाल सरकारको कृषि सम्बन्धि विषय हेर्ने मन्त्रालयलाई दिनुपर्नेछ।

१३. **जीवनाशक विषादी निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) यस ऐन र प्रचलित कानुन व्यवस्था गरिएको काम कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस ऐनमा उल्लिखित व्यवस्थाको पालना भए नभएको विषयमा अनुगमन गरी समिति समक्ष सिफारिस गर्ने,

(ख) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग तथा जीवनाशक विषादी छर्किने व्यवसायको लागि इजाजत प्राप्त कुनै व्यक्ति, संस्था वा निकायको आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी समिति समक्ष सिफारिस गर्ने,

(च) खण्ड (ङ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

(छ) आफूले सम्पादन गरेको चौमासिक प्रतिवेदन केन्द्र र प्रयोगशाला समक्ष पेश गर्नु पर्नेछ।

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

## परिच्छेद – ६
## विविध

१४. **संघीय कानुन बमोजिम हुनेः** कसूर तथा सजाय, हदम्याद, मुद्दाको अनुसन्धान र दायरी, मुद्दा हेर्ने अधिकारी र पुनरावेदन सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ।

१५. **प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले यस ऐन विपरीत गरेको कार्यबाट अन्य कुनै कानुनको समेत उल्लघंन हुने भएमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

१६. **<u>जरिवानाः</u>** यस ऐनको व्यवस्था विपरीत हुने गरी कुनै व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादी छर्किने वा बिक्री वितरण गर्ने कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ:-

(क) यस ऐन बमोजिमको इजाजतपत्र नलिई जीवनाशक विषादीको छर्किने व्यवसाय गर्ने कार्य गरेमा रु २०,०००

(ख) यस ऐन बमोजिमको इजाजतपत्रको नविकरण नगरी जीवनाशक विषादीको बिक्री वितरण गरेमा रु. १०,०००

(ग) यस ऐन बमोजिम इजाजतपत्र नलिई जीवनाशक विषादीको भण्डारण व्यवसायिक प्रयोग गरेमा रु २०,०००

१७. **<u>क्षतिपूर्ति भराई दिनुपर्नेः</u>** कसैले यस ऐन विपरीत कुनै कसूर गरेको कारणबाट कसैलाई हानी नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने पक्षलाई प्रचलित कानुन बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेछ।

१८. **<u>आचार संहिता बनाउन सक्नेः</u>** प्रदेश सरकारले संघीय कानुनसँग प्रतिकुल नहुने गरी प्रदेश भित्रका जीवनाषक विषादीको विक्री वितरण, भण्डारण व्यवसायिक प्रयोग र थोक तथा खुद्रा बिक्रेताले पालना गर्ने पर्ने आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

१९. **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) जीवनाशक विषादी सम्बन्धी सम्पुर्ण कार्यको अनुगमन गर्ने मुख्य जिम्मेवारी समिति र प्रयोगशाला र निरीक्षकको हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाले गरेको अनुगमनको प्रतिवेदन नियमित रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२०. **<u>सहयोग गर्नु पर्ने</u>** :(१)निरीक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायतका कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

२१. **<u>विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने</u>** : रासायनिक विषादीको प्रयोगबाट वातावरण तथा मानव, पशुपन्छी, जलचर, बिरुवा लगायतका स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले अभिमुखीकरण सचेतना सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२२. **<u>नियम बनाउन सक्ने</u>** : यस ऐनको कार्यन्वयनका लागि प्रदेश सरकाले आवश्यक नियम बनाउन सक्नेछ।

२३. **<u>आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः</u>** यस ऐनको कार्यान्वयनको क्रममा प्रदेश सरकारले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

२४. **<u>आवश्यक व्यवस्था मिलाउनेः</u>** यस ऐनको कार्यन्वयनको क्रममा कुनै कठिनाई उत्पन्न भएमा प्रदेश सरकारले यस ऐनको अधीनमा रही आवश्यक कार्वाही गर्न सक्नेछ।

२५. **<u>खारेजी र बचाउः</u>** यस ऐन आउनु पूर्व जीवनाशक विषादी सम्बन्धी भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।